# नेपाल

**लोकतान्त्रिक क्रान्तिमार्फत सत्ताच्यूत हुनुअघि राजा ज्ञानेन्द्रले स्वतन्त्र प्रेसको अस्तित्वलाई नियन्त्रणमा लिए। व्यापक मात्रामा परिचालित सुरक्षा फौजद्वारा सयौं पत्रकारहरू गिरफ्तार गरिए, कुटिए, सेन्सरमा पारिए वा धम्क्याइए। राजतन्त्रविरुद्धको लडाइँमा अग्रस्थानमा रहेको प्रेसले आफ्नो अधिकार चैत/वै शाखपछि पुनः प्राप्त गरेको छ।**

२०६२ चैत/२०६३ वैशाखको लोकतान्त्रिक क्रान्तिले संसद पुनर्स्थापना गरेपछि र गत कात्तिकमा शान्ति सम्झौतामा हस्ताक्षर गरेर माओवादीसँग ऐतिहासिक सत्ता बाँडफाँड भएपछि स्वतन्त्र सञ्चारमाध्यम र विपक्षीप्रति गरिने सबै आक्रमणको अन्त्य भयो। प्रेस स्वतन्त्रताका हत्यारा राजा ज्ञानेन्द्रले सत्ताच्यूत नहोउन्जेलसम्म देशभरिका सञ्चारमाध्यममाथि कडा प्रतिबन्ध लगाएका थिए। स्वयम्लाई सरकार प्रमुखसमेत घोषणा गरेका राजाले स्वतन्त्र सञ्चारमाध्यमले २०४७ सालदेखि पाएका सबै जसो संवैधानिक र कानुनी संरक्षणलाई नामेट पारिदिएका थिए। यसका साथै एक हजारभन्दा बढी पत्रकारहरूलाई कामबाट बर्खास्त गरिएको थियो भने सरकारद्वारा खडा गरिएको आर्थिक संकटबाट थुप्रै सञ्चारमाध्यम प्रभावित भएका थिए।

राजाले सत्ता हातमा लिएको एक वर्ष पुगेको दिन २०६२ माघ १९ गते नेपाल पत्रकार महासंघले देशव्यापी रुपमा आयोजना गरेको लोकतन्त्रपक्षीय प्रदर्शनमा भाग लिँदा वा प्रदर्शनको समाचार सङ्कलन गर्न जाँदा ५० भन्दा बढी पत्रकार पक्राउ परे। विपक्षी विचार राख्ने *मूल्याङ्कन* मासिकका प्रधान सम्पादक श्याम श्रेष्ठ जस्ता पत्रकारहरूलाई प्रहरीले पक्राउ गरी कयौं महिनासम्म कडा सुरक्षा कानुनअन्तगत अमानवीय अवस्थामा थुनेर राख्यो। २०६२ माघ/फागुनमा *मजदुर आवाज* मासिककी एक युवा पत्रकार भावना प्रसाईंलाई थुनामा राखेर यातना र सैनिकहरूद्वारा बलात्कारको धम्कीसमेत दिइयो।

चैत/वैशाखको जनआन्दोलनका क्रममा सुरक्षाफौजले थुप्रै सर्वसाधारणको हत्या गऱ्यो। प्रदर्शनको अग्रस्थानमा रहेका पत्रकारहरूलाई प्रहरी र सेनाले विशेष तारो बनायो। २०६३ वैशाख २३ देखि २८ को बीचमा मात्रै करिब एक सय प्रेस प्रतिनिधिहरूलाई सोधपुछ वा गिरफ्तार गरियो, तीमध्ये अधिकांशलाई पक्राउ पुर्जी बिना नै गिरफ्तार गरिएको थियो। रिपोर्टर्स् विदाउट बोर्डर्स्ले पनि आन्दोलनको समाचार सङ्कलनका क्रममा सुरक्षाफौजको आक्रमणमा परेका वा घाइते भएका सञ्चारकर्मीका सम्बन्धमा कम्तीमा यस्ता १ सय १७ वटा घटना सङ्कलन गऱ्यो। यीमध्ये केही पत्रकार गोली लागेर घाइते भएका पनि थिए। बहुसंख्यक घटनाहरूमा सहजै चिनिएका सम्वाददाताहरूलाई प्रहरीले नियतवश आक्रमण गरेको पाइएको छ। एउटा उदाहरण, वैशाख १० गते *नेपाल वन* टेलिभिजनका सम्वाददाताहरू तिलक कोइराला र जनक पण्डितलाई काठमाडौंमा प्रहरी

अधिकारीहरूले समातेर कुटेका थिए । पूर्वी नेपालको झापा जिल्लामा वैशाख ६ गते गोली लागेर पाँच जना पत्रकार घाइते भएका थिए ।

जनविद्रोहले व्यापकता पाउँदै गरेको समयमा राजदरबारले सेन्सरसिपलाई चुस्त बनायो । सूचना तथा सञ्चार मन्त्रालयले २०६२ चैत्र ३१ गते केबल टिभी सञ्चालकहरूलाई *कान्तिपुर टेलिभिजन*का साथै अरु समाचार च्यानलहरूको कार्यक्रम प्रसारण बन्द गर्न आदेश जारी गऱ्यो । कैयौँ एफएम रेडियो स्टेसनहरूमा समेत सेन्सर गरियो ।

सरकारद्वारा खोसिएका अधिकार पुनर्वहाली गर्ने संघर्षमा नेपाल पत्रकार महासंघले सडक र अदालतमार्फत महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गऱ्यो । चैत २३ गते प्रशासनले लगाएको निषेधाज्ञाको पहिलो पटक देशव्यापी रुपमा उल्लङ्घन गर्ने क्रममा नेपाल पत्रकार महासंघका सभापति र महासचिवसहितका दर्जनौं पत्रकारलाई पक्राउ गरियो । त्यसै दिन *हिमाल साउथ एसिएन*का सम्पादक कनक दीक्षितसहितका २४ जना पत्रकारलाई प्रहरीले पक्राउ र हातपात गऱ्यो । प्रेसमाथि लगाएको सेन्सरसिपको विरोधमा प्रदर्शनकारीहरूले नाराबाजी गरे ।

संसद पुर्नस्थापनाको घोषणा भएपछि लडाकूहरूले सरकार-पक्षधर सञ्चारमाध्यमहरूसँग आवद्ध पत्रकारहरूलाई आक्रमण गरे । प्रदर्शनकारीहरूले सुदूर-पश्चिम नेपालको दिपायलका *रेडियो नेपाल*का सम्वाददाता शङ्कर थापाको कार्यालय तोडफोड गरे ।

गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन हुनासाथ एकपछि अर्को गर्दै नागरिक स्वतन्त्रताहरू पुनर्वहाली हुन थाले । सर्वोच्च अदालतले वैशाखमा राष्ट्रिय प्रसारण नियमावलीको नियम ८ (च) र छापाखाना तथा पत्रपत्रिकासम्बन्धी ऐनको दफा १५ (१) लाई असंवैधानिक ठहर गर्दै बदर गऱ्यो । ज्ञानेन्द्र सरकारद्वारा एफएम रेडियोबाट समाचार प्रसारण गर्न प्रतिबन्ध लगाउने गरी संशोधन गरिएको सञ्चार अध्यादेशलाई सरकारले वैशाख २६ गते खारेज गर्ने निर्णय लियो । यसैगरी पत्रकारहरूलाई बन्दी बनाउन बारम्बार प्रयोग गरिएको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश पनि सरकारले खारेज गऱ्यो । यसपछि सरकारी निकायहरूले निजी स्वामित्वका रेडियो र टेलिभिजन स्टेसनहरूलाई नयाँ अनुमति पत्र दिन थाले र वेबसाइटहरूमाथि पूर्ववर्ती सरकारले लगाएको सेन्सरसिप हटाइयो ।

नेकपा (माओवादी) ले अघिल्ला वर्षहरूको तुलनामा सन् २००६ मा पत्रकारहरूमाथि कम आक्रमण गऱ्यो । २०६२ चैतमा नेकपा (माओवादी) केन्द्रीय समितिका सदस्यहरूले रिपोर्टर्स विदाउट बोर्डर्स्सँग पत्रकारहरूको अभिव्यक्ति स्वतन्त्रता र समाचार सङ्कलनका लागि स्वतन्त्रतापूर्वक हिंड्डुल गर्न पाउने अधिकारको प्रत्याभूति गर्ने बाचा गरेका थिए । २०६३ मंसिरमा नेकपा (माओवादी) का अध्यक्ष

प्रचण्डले लोकतन्त्रवादी दलहरूसँग संविधान सभा र अन्तरिम सरकार गठन गर्ने एउटा सम्झौतामा हस्ताक्षर गरेपछि ११ वर्ष लामो सशस्त्र संघर्षको अन्त्य भएको उद्घोष गरे । यसका बाबजुद पनि माओवादी कार्यकर्ताहरूले आफ्नो नियन्त्रणमा रहेका क्षेत्रमा प्रेसलाई धम्क्याउने काम नियमित रुपमा जारी राखे । भदौमा देशको दक्षिणी भागमा पर्ने बारा जिल्लामा माओवादीहरूको समूहले १२ जना पत्रकारहरूसहित २१ जनाको समूहलाई कब्जामा लियो । फोटोपत्रकार राम सरा र्फमाथि हातपात गरियो । कात्तिकमा *कान्तिपुर*का सम्वाददाता तथा नेपाल पत्रकार महासंघ खोटाङ्का सभापतिलाई गलत समाचार लेखेको आरोपमा माओवादी काय र्कर्ताहरूले धम्की दिए ।

सन् २००६ को अप्रिलदेखि डिसेम्बरसम्म माओवादीले कम्तीमा पनि १५ जना पत्रकारलाई थुनछेक, कुटपिट, कठोर सोधपूछ र सेन्सर गरे । "माओवादीहरुले उनीहरूका कमी कमजोरीको बारेमा प्रेसले थाहा पाओस् भन्ने कहिल्यै चाहेनन् । उनीहरूप्रति आलोचनात्मक समाचार प्रकाशन वा प्रसारण गर्दा पत्रकारहरूले जहिले पनि मनोवैज्ञानिक दवावमा बस्नुपर्छ", नेपाल पत्रकार महासंघले भनेको छ ।

समग्रमा, सन् २००६ मा कम्तीमा पनि २४५ जना पत्रकार पक्राउ परे भने अन्य १८० जना आक्रमणबाट घाइते वा धम्कीको शिकार भए । यसैगरी कम्तीमा पनि ३० वटा सञ्चारमाध्यममाथि सेन्सर भयो भने सेना र माओवादीबीचको भिडन्तको परिणामस्वरुप चार वटा सञ्चारमाध्यम क्षतिग्रस्त भए ।